# ढोरपाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बुर्तिवाङ, बागलुङ

गण्डकी प्रदेश, नेपाल


पत्र संख्याः-०८०/०८१

चलानी नं.:-

मितिः- २०८१।०७।०७

**कवाडी माल वस्तुको निकासी करको लागि सिलबन्दी दरभाउ पत्र सम्बन्धी सूचना।**

**ठेक्का नं. DHMUN/SQ/Rajaswa/2081-082/01**

(तेस्रो पटक प्रकाशन मिति २०८१।०७।०७)

यस नगरपालिकाभित्रका कवाडी माल वस्तु निकासीको सिलबन्दी दरभाउ पत्र अह्वान सम्बन्धी सूचना स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ बमोजिम आ.व. २०८१/०८२ को लागि यस नगरपालिकाबाट निकासी हुने पुनः प्रयोगमा आउने र नआउने कवाडी मालवस्तुको निकासी करको ठेक्का लगाउनु पर्ने भएकाले यस सम्बन्धी कार्य गर्ने र ठेक्का लिन चाहाने फर्म वा कम्पनीले निम्न लिखित सर्तको अधीनमा रही आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष ०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी रीतपूर्वक सिलबन्दी दरभाउ पत्र भरी यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र यस कार्यालयमा पेश गर्नु हुन यो सूचना तेस्रो पटक सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | कामको विवरण | न्यूनतम बोल रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम (सेवा शुल्क र मु.अ.कर सहित) | सिलबन्दी दरभाउ पत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १. | ढोरपाटन नगरपालिका क्षेत्रभित्रबाट निकासी हुने पुनः प्रयोगमा आउने र नआउने कवाडी माल वस्तुको निकासी | ५,०२,०००।०० (अक्षरेपि पाँच लाख दुई हजार मात्र) | कबोल अङ्कको कम्तीमा ५% ले हुन आउने रकम | १०००।०० |

**सर्तहरुः-**

५. दरभाउ पत्र शिलबन्दी गरी रीतपूर्वक दर्ता हुनु पर्नेछ।

६. सिलबन्दी दरभाउ पत्र सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनसम्म कार्यालय समयभित्र तोकिएको सिलबन्दी दरभा पत्र दस्तुर नेपाल बैङ्क, शाखा कार्यालय बुर्तिबाङमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १२१०३००००१००१००००००१ मा जम्मा गरेको भौचर पेश गरी कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ भने सिलबन्दी दरभाउ पत्र धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. १२१०३०००० ०३०००००००१ मा रकम जम्मा गरी सिलबन्दी दरभाउ पत्रसंगै पेश गर्नु पर्नेछ।

७. सिलबन्दी दरभाउ पत्र स्वीकृत भएपछि सम्झौता गर्दाका वखत कबोल अङ्कको ५०% हुन आउने रकम आन्तरिक राजश्व खातामा र बाँकी ५०% रकमको बैङ्क ग्यारेन्टी वा धरौटी खातामा नगदै जम्मा गर्नुपर्नेछ।

८. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

चिरन्जिवि घिमिरे

प्रमुख प्रशासकीय अधिकृत